एकाइ ९ · हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग

कार्यपत्र

पूर्णाङ्क २९

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / २९

१ मुख्य शब्द [३]

कोठामा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको ०.५ अङ्क छ।

पारवहन **बडापत्र** **भूजडित** **भूपरिवेष्टित देश** **मल्टिमिडिया** **समसामयिक घटना** **साइबर अपराध** **ह्याकिङ**

चारैतिर अरू देशको जमिनले घेरिएको र समुद्री सिमाना नभएको देशलाई _____ भनिन्छ। अर्को देश हुँदै सामान ल्याउने र लैजाने कामलाई _____ भनिन्छ। जमिनबाट दुई ठुला छिमेकीसँग जोडिएको देशलाई _____ देश पनि भनिन्छ। अक्षर, आवाज, चित्र र भिडियो मिलाएर सूचना प्रस्तुत गर्नुलाई _____ भनिन्छ। अनुमति नलिई अरूको कम्प्युटर वा खाता खोल्नुलाई _____ भनिन्छ। समुदाय, देश र विदेशमा हालै भएका महत्त्वपूर्ण घटनालाई _____ भनिन्छ।

२ जोडा मिलाउनुहोस् [३]

समूह 'क' लाई समूह 'ख' सँग जोडा मिलाई कोठामा अक्षर लेख्नुहोस्। समूह 'ख' को एउटा कुरा बढी छ। प्रत्येकको ०.५ अङ्क छ।

समूह 'क'		समूह 'ख'
१. ढाका	☐	**क.** सार्क क्षयरोग तथा एचआईभी एड्स केन्द्र
२. ठिमी	☐	**ख.** सन् २०२४ को नोबेल शान्ति पुरस्कार
३. इस्लामाबाद	☐	**ग.** बङ्गलादेशको समुद्री बन्दरगाह
४. मोङ्ला	☐	**घ.** मङ्गल ग्रहमा उत्रिएको चीनको रोभर
५. निहोन हिडान्क्यो	☐	**ङ.** सन् २०२४ को ओलम्पिक खेल भएको सहर
६. झुरोङ	☐	**च.** स्थगित भएको उन्नाइसौँ सार्क शिखर सम्मेलनको ठाउँ
		छ. सन् १९८५ मा सार्कको स्थापना भएको ठाउँ

३ ठिक कि बेठिक? [२]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

i. नेपालले संयुक्त राष्ट्रसङ्घको समुद्री कानुनसम्बन्धी महासन्धि, १९८२ सन् १९९८ मा अनुमोदन गरेको हो। ☐

ii. सार्कको स्थापना सन् १९८५ मा काठमाडौँमा भएको हो। ☐

iii. सार्कका आठ देशमध्ये नेपाल र भुटान मात्र भूपरिवेष्टित छन्। ☐

iv. इन्टरनेटमार्फत अरूलाई अपमान गर्नेलाई पाँच वर्षसम्म कैद हुन सक्छ। ☐

४ अति छोटो उत्तर [९]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

क. एसिया महादेशमा कतिओटा भूपरिवेष्टित देश छन्? [१]

ख. चीनसँगको पारवहन सम्झौताको आलेखअनुसार नेपालले चीनका कतिओटा बन्दरगाह प्रयोग गर्न पाउँछ? [१]

ग. सार्कका कतिओटा शिखर सम्मेलन सम्पन्न भए र अब हुने शिखर सम्मेलन कहाँ हुने योजना छ? [१]

घ. मल्टिमिडियामा पर्ने तीन किसिमका सामग्रीका नाम लेख्नुहोस्। [१]

ङ. लिक्टेनस्टाइन र उज्बेकिस्तानलाई दोहोरो भूपरिवेष्टित देश किन भनिन्छ? [१]

च. सार्कको सचिवालय कहाँ छ? [१]

छ. टेलिभिजनमा हेरिने समाचार कस्तो सामग्री हो? [१]

ज. रामस्वार्थका अनुसार आफ्नो नाम र जन्ममिति मिलाएर पासवर्ड किन बनाउनु हुँदैन? [१]

झ. पेरिस ओलम्पिक २०२४ मा अमेरिका र चीनले बराबर ४० ओटा स्वर्ण पदक जितेका थिए। पदक तालिकामा अमेरिका पहिलो किन भयो? [१]

५ छोटो उत्तर [६]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

क. समुद्री मार्ग र सडक मार्गबाट सामान ढुवानी गर्दा हुने कुनै दुई भिन्नता लेख्नुहोस्। [२]

ख. समाचारअनुसार सुनसरीका एक युवकले अरूका फेसबुक खाता अनुमति नलिई खोलेर ती मानिसका आफन्तसँग "तुरुन्तै पैसा पठाइदेऊ" भनी पैसा मगाउँथे। यो कस्तो अपराध हो? यस्तो ठगीबाट जोगिन के गर्नुपर्छ? [२]

ग. सार्कका गतिविधिमा नेपालले पुऱ्याएको कुनै दुई योगदान लेख्नुहोस्। [२]

६ लामो उत्तर [४]

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

नेपालको आर्थिक विकास अपेक्षित रूपमा हुन नसक्नुमा भूपरिवेष्टित अवस्था पनि एउटा कारण हो, पुष्टि गर्नुहोस्।

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-7-social/our-international-relations-and-cooperation

७ सोच्नुहोस् [२]

सोचेर उत्तर लेख्नुहोस्।

स्विट्जरल्यान्ड, अस्ट्रिया र लक्जेम्बर्ग भूपरिवेष्टित भए पनि संसारका धनी देशमा पर्छन्। यी देश कसरी सम्पन्न भए होलान्? नेपालले यिनबाट के सिक्न सक्छ?

८ क्रियाकलाप: सार्कका सदस्य राष्ट्र (अङ्क नदिइने)

सार्कका आठ सदस्य राष्ट्रको राजधानी र ती देश समुद्रसम्म पुग्छन् कि पुग्दैनन्, तालिकामा लेख्नुहोस्। पहिलो पङ्क्ति उदाहरणका लागि भरिएको छ।

देश	राजधानी	समुद्री किनार छ कि छैन?
नेपाल	काठमाडौँ	छैन (भूपरिवेष्टित)
भारत		
पाकिस्तान		
बङ्गलादेश		
श्रीलङ्का		
माल्दिभ्स		
भुटान		
अफगानिस्तान		